# दोलखा जिल्ला अदालतबाट जारी भएको सूचना

(मिति २०७८।०१।२३)

विश्वव्यापी रुपमा फैलिएको नयाँ भेरियण्ट सहितको कोभिड-१९ को संक्रमण यस जिल्लामा समेत तिव्ररुपमा बढी रहेको भनी जिल्ला प्रशासन कार्यालय दोलखा वाट मिति २०७८।०१।२२ गते राती १२:०० बजेदेखि ऐ.३१ गतेसम्म निषेधाज्ञा जारी गरेको, सो अवधिमा जिल्ला भित्र सार्वजनिक सवारी साधन संचालनमा निषेध गरेको सन्दर्भमा तथा कोभिड-१९ को संक्रमणबाट यस अदालतका न्यायाधीश, कर्मचारीहरु, कानून व्यवसायी तथा सेवाग्राहीहरु समेत उच्च जोखिममा रहेको अवस्थामा नेपाल बार एसोसियशन दोलखा ईकाइका पदाधिकारीहरु एवं जिल्ला न्यायाधिवक्ता सँगको बैठक र सम्मानित सर्वोच्च अदालतको मिति २०७८।०१।१४ को पूर्ण बैठकको निर्णय समेतको सन्दर्भमा यस अदालतको मिति २०७८।०१।२३ गतेको निर्णयानुसार अदालतबाट प्रवाह हुँदै आएका सेवाहरु मध्ये तपसिल बमोजिमका सेवा बाहेक अन्य सेवाहरु मिति २०७८।०१।२४ देखि ऐ.३१ गते सम्मको लागि स्थगन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै अन्य सेवा संचालन मिति२०७८।०१।३१ गते पश्चात अर्को सूचना प्रकाशित नभएमा यथावत रुपमा संचालन हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गरीन्छ।

## तपसिलः-

१. बन्दी प्रत्यक्षिकरणको रिट निवेदन दर्ता र सुनुवाइ।
२. मिलापत्र, मुद्दा फिर्ता,डिसमिस,सजाय निर्धारण।
३. अभियोगपत्र दर्ता, वयान र थुनछेक, फरारीको थुनछेक,कोभिड-१९ सम्बन्धि निवेदन।
४. म्याद थप, पक्राउ पुर्जी जारी, जरुरी पक्राउ पुर्जी समर्थन, कलडिटेल्स अनुमति।
५. काम कारवाही र सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा तथा निवेदनहरुमा ३१ गते सम्मको अवधिमा रहेका हदम्याद, म्याद र तारेख नगुज्रने।

२०७८।१।२३

..............................

शिवकुमार पोखरेल

स्रेस्तेदार(उप-सचिव)

श्रेस्तेदार (उप-सचिव)